# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९] काठमाडौं वैशाख ११ गते २०१६ साल [अतिरिक्ताङ्क

श्री ५ को सरकार

## कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वि त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुल ज्योतिमय त्रिशक्तिपट्ट अतिप्रवल गोरखा दक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्गदेवानाम् सदासमर विजयि नाम।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२

२०१६ सालको ऐन नं. १

# सल्लाहकार सभालाई विघटनगर्न बनेको ऐन,

सल्लाहकार सभा मुलुकको वर्तमान परिस्थितिमा कायम राख्नु आवश्यक नभएकोले सो सभालाई विघटन गर्न श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्‌का सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः—

(१) यस ऐनको नाम सल्लाहकार सभा विघटन ऐन, २०१६ रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. सल्लाहकार सभाको विघटनः—नेपाल अन्तरिम शासन बिधान बमोजिम २०१५ साल मार्ग ४ गतेका मितिमा गठन भएको सल्लाहकार सभा विघटन गरिएको छ।

लालमोहर सदर मिति २०१६।१ ११।६

आज्ञाले—
मीनवहादुर जोशी,
श्री ५ को सरकार का का. मु. नायब सचिव,
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखापत्र छापाखानामा मुद्रित। ३६